# कृषि ज्ञान केन्द्र, ओखलढुंगाको

# मासिक कृषि बुलेटिन

"कृषि मुलश्य जीवनम"

वर्ष १ | अङ्क ३ | कार्तिक महिना-२०७७/०७८



**प्रकाशक मण्डल**

**संरक्षक**
हेम बहादुर आले मगर
(निमित्त कार्यालय प्रमुख)

**प्रधान सम्पादक**
श्री गणेश अधिकारी खत्री
(कृषि अर्थ विज्ञ)

**वरिष्ठ सम्पादक**
श्री मुना बस्नेत
(वागवानी विकास अधिकृत)

**सम्पादक मण्डल**
श्री ऋचा शाह
(बाली संरक्षण अधिकृत)
श्री महेश कुमार चौधरी
(अधिकृत छैटौ)
श्री टिकाराम बानिँया
(अधिकृत छैटौ)
बालकृष्ण श्रेष्ठ
(लेखा अधिकृत)


## सम्पादकीय

नेपालीहरुको महान चाड वडा दशैं तथा शुभ दिपावलीको पावन महिनामात्र नभएर यो कृषकहरुको खेतबारीमा धान र कोदोको बालाहरु लहलह झुल्ने महिना पनी हो । हातका दश नंग्रा खियाएर घाम पानी नभनि मिहिनेत गरि खाद्यान्न खेतबारीमा झुल्दा कसको मन प्रफुल्लित हुन्न र ! मध्य पहाडी जिल्ला ओखलढुंगामा बर्षा सकीएसंगै विभिन्न किसिमका फलफुल कृषकको बारीबाट बजारसम्म आउन थालेका छन् । फाट्टफुट्ट रुपमा सुन्तला लगायत सुन्तलाजतका अन्य फलफुल बजारमा उपलव्ध हुन थालेका छन् । तर वर्षा याममा परेको भारी आसिना पानीले गर्दा सुन्तलाको उत्पादनमा ठुलो ह्रास आउने देखिन्छ । धान र कोदो बालीको हाल सम्मको स्थिति हेर्दा गत वर्षको तुलनामा यस वर्षको उत्पादनमा केही वृद्धि हुने अनुमान गरिएको छ ।

विगत लामो समयदेखि विभिन्न खाद्यान्न बालीको बिऊ किसानहरुले सहजरुपमा पाऊन नसकेको र पाईहाले पनी सिफारीस गरिएको जात नपाईएको, गुणस्तरीय नपाईने लगायतका समस्या रहेका छन् । बिऊको उपलव्धता र गुणस्तरमा समस्या नहोस भनी कृषि ज्ञान केन्द्रले विगत दुई साल अघिबाटै सघन बाली विकास कार्यक्रम मार्फत बिज वृद्धि कार्यक्रम संचालन गरिरहेको छ । यस वर्ष गहु बालीको विजय जातको मूल बिऊ करिब १३ हेक्टर क्षत्रफलमा मोलुङ्ग गाउँपालीकाका विभिन्न वडाहरुमा लगाईएको छ । यसका साथै कृषिलाई व्यवसायिकरण र आधुनिकिकरण मार्फत कृषकहरुको जीवनस्तरलाई माथि उकस्न प्रधानमन्त्री कृषि आधुनीकिकरण परियोजना ब्लक विकास कार्यक्रम मार्फत बाली विशेष ब्लकहरु निर्माण तथा संचालनको तयारीमा ज्ञान केन्द्र लागिरहेको छ ।

कृषि ज्ञान केन्द्र ओखलढुंगाले मासिक रुपमा प्रकाशन गर्ने यस कृषि बुलेटिनमा ज्ञान केन्द्रका क्रियाकलाप,सफलता साथै अन्य कृषि सम्बन्धि जानकारीहरु समावेश गर्दै आएका छौ । जिल्लाको कृषि विकासमा प्रत्यक्ष परोक्ष रुपमा सरोकार राख्नु हुने कृषक,कृषि विकाससंग सम्बन्धित सहयोगी सरकारी/गैरसरकारी निकायहरु,व्यापारी, कृषि प्राविधिक र सम्बन्धित सबैलाई थोरै भएपनी यो कृषि बुलेटिन उपयोगी रहेको भनी आशा गरिएको छ । साथै यस प्रकाशनको बारेमा आफ्ना रचनात्मक राय, सुझाव र प्रतिक्रियाहरु पठाई सहयोग गरिदिनु हुनेछ भनि आशा राख्दछौं र आगामी अंक अझ संदेशमूलक बनाउदै लैजान हामी प्रतिबद्ध छौं ।


**प्रकाशक**
प्रदेश सरकार
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास नर्देशनालय
**कृषि ज्ञान केन्द्र ओखलढुङ्गा**
प्रदेश नं.१
कर्यक्षत्रः ओखलढुङ्गा



टोल फ्रि नं. १६६००३७५२०००
फोन नं. ०३७-५२०१३०
ईमेल ठेगानाः akcokhaldhunga@gmail.com


## यस भित्र


१. ब्लक बिकास कार्यक्रम
२.संचालित अनुदान कार्यक्रमको अवस्था
३.सघन बाली विकास कार्यक्रम
४. क्रप कटिंग
५. प्रथम चौमाशिक प्रगति प्रतिबेदन प्रकाशन
६. पाक्षिक खुद्र मूल्य संकलन
७. आलु बालीमा लाग्ने रोग किरा र तिनको व्यवस्थापन

## १. ब्लक बिकास कार्यक्रम

आ.व.०७७/७८ मा संचालन हुने प्रधानमन्त्री कृषि आधूनिकिकरण परियोजना नयाँ ब्लक विकास कार्यक्रमको लागि मिति २०७७।०५।०२ गते प्रथम पटक प्रकाशित सूचना अनुसार प्रर्याप्त आवेदन नपरेको हुँदा मिति २०७७।०६।१८ गते पुन: दोश्रो पटक १५ दिने सूचना प्रकाशन गरी आवेदन प्रस्ताव माग गरिएको थियो। जसमा कुल आवेदन संख्या १३ बाट ८ वटा छनौट गर्नुपर्ने रहेको छ। प्रस्ताबित आबेदनको प्रारम्भिक फिल्ड अनुगमनको कार्य सम्पन्न गरिएको छ।

## २.संचालित अनुदान कार्यक्रमको अवस्था

गत वर्ष छनौट भई विश्व भरि फैलिएको कोभिड १९ कोरोना भाईरसका कारण संचालन हुन नसकेका कार्यक्रम आ.व.२०७७/७८ को स्विकृत वार्षिक कार्यक्रममा निरन्तरता पाएर कार्यक्रम सम्झौता गरिएका कार्यक्रमहरुमा कागती मिसन कार्यक्रम सिद्धिचरण नगरपालिका वडा नम्बर ३ को रोजिना फलफुल व्यवसाय फर्मले कार्य सम्पन्न गरी भुक्तानी भएको छ। यस महिना कार्य सम्पन्न गरी भुक्तानी लिने कृषकको संख्या एक रहेको छ । अन्य सम्झौता गरेका कृषकहरुले पनी तिब्र गतिमा कार्य गरिरहेका छन ।

## ३.सघन बाली विकास कार्यक्रम

आ.ब.०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सघन बाली विकास कार्यक्रमको तेस्रो बर्षको कार्यक्रम संचालन भईरहेको छ। सघन बाली विकास समिति मार्फत मोलुंग गाउँपालिकामा विजय जातको गहुँको मूल बीउ १६०० के.जी. वितरण भई करिब १३ हेक्टर क्षेत्रफलमा गहुँ विजवृद्धि कार्य संचालन भएको छ।उक्त क्षत्रबाट करिब २६ मे.टन बिऊ गहु उत्पादन भई अर्को वर्ष उत्पादित उन्नत बिउलाई २०० हेक्टर भन्दा बढी क्षत्रफलमा विस्तार गर्न सकिन्छ।

## ४. क्रप कटिंग

ओखलढुंगा जिल्लाको बर्षे धान बालीको कुल क्षत्रफल ४४०३ हेक्टर रहेको छ। उक्त क्षत्रमा उत्पादन भएको धानबालीको उत्पादन र उत्पादकत्व मापन गर्न विभिन्न ठाउँहरुबाट क्रप कटिङ्ग गरिएको र उक्त बालीको सुख्खा तौल आउन बाकी रहेको छ। अनुमानित रुपमा धानको यस वर्षको उत्पादकत्व ३.३ रहने अनुमान गरिएको छ।

## ५. प्रथम चौमाशिक प्रगति प्रतिबेदन प्रकाशन

कृषि ज्ञान केन्द्र ओखलढुंगाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत प्रथम चौमाशिक मा भएका कार्यक्रमहरुको प्रगति प्रतिबेदन प्रकाशन गरियो। प्रथम चौमाशिक मा भएका मुख्य मुख्य क्रियाकलापहरुको प्रगति विवरण तालिकामा प्रस्तुत गरिएको छ :

क. मुख्य मुख्य उपलव्धिहरु

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | इकाई | .............. कार्यक्रम | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **अ** | **पुँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | |
| ११.३.२.5 | चारपांग्रे डबल क्याप पिकप खरिद (सवारी साधन) | संख्या | १ | 0 |
| ११.३.२.7 | मोटरसाईकल १५० सि सि (सवारी साधन) | संख्या | १ | 0 |
| **क) पुँजिगत कार्यक्रमको खर्च जम्मा** | | | २ | 0 |
| **आ** | **चालु खर्च अन्तरगत कार्यक्रमहरु** | | | |
| २.७.१५.३६ | स्थानिय बजारमा कृषि वस्तुको पाक्षिक खुद्रा मूल्य संकलन (कृषि विकास कार्यक्रम) | पटक | ८ | ८ |
| २.७.२५.१ | स्थानिय तहमा कार्यरत प्राविधिकसँग मासिक समन्वय तथा तथ्यांक अध्यावधिक बैठक (अन्य) | पटक | २ | २ |
| २.७.२५.५ | विभिन्न स्थानहरुमा प्लान्ट क्लिनिक संचालन (अन्य) | संख्या | १ | १ |
| २.७.२५.८ | बार्षिक प्रगति प्रतिवेदन तथा तथ्यांक पुस्तिका प्रकाशन | पटक | १ | १ |
| २.७.२५.१३ | मुख्य मुख्य बालीहरुको क्रप कटिङ | पटक | २० | २० |
| २.७.२५.१४ | एफ.एम.रेडियो मार्फत सूचना प्रवाह | पटक | १ | १ |
| २.९.२.१ | कार्यालयमा भएका सवारी साधनको विमा तथा नविकरण खर्च | पटक | १ | १ |
| ५.१.११.१ | कागती खेती मिसन कार्यक्रम | संख्या | 0 | १ |
| ५.१.११.२८ | उन्नत कृषि प्रविधि सम्बद्ध साना प्रर्दशन सामाग्री वितरण( फेरोमोन ट्र्याप लाईट ट्र्याप यल्लो ट्र्याप जनावार धपाउने औजार प्रयोग,सुपर ग्रेन ब्याग आदि) | संख्या | १ | १ |
| ५.१.११.२९ | खाद्यान्न/तरकारी/फलफूल उत्पादन प्रर्दशन | संख्या | १ | १ |
| ५.१.११.३१ | युवा लक्षित च्याउ, मह तरकारी तथा फलफूल उत्पादन कार्यक्रम | संख्या | 0 | १ |
| ५.१.११.८५ | सघन वाली विकास आयोजना (धान, मकै गहु)(तेश्रो वर्ष) | संख्या | १ | १ |

ख. प्रथम चौमासिक भारित तथा वित्तीय प्रगति

| क्र.सं. | बजेट शिर्षक नं | कार्यक्रम / आयोजनाको नाम | बार्षिक विनियोजित बजेट | प्रथम चौमासिक विनियोजित बजेट | भारित प्रगति प्रतिशत | वितिय प्रगति प्रतिसत |
|---|---|---|---|---|---|---|
| १ | ३१२०१०११ | कृषि विकास निर्देशनालय | ६४०६४ | ९६८८ | ४१.३३ | ४०.९ |
| २ | ३१२००१२० | PMAMP श-शर्त अनुदान | २०३४० | २०९० | १.३८ | १.३७९ |

## ६. पाक्षिक खुद्र मूल्य संकलन

विगतका महिनामा जस्तै यस महिना पनि ओखलढुंगा बजारबाट पाक्षिक खुद्र मूल्य संकलन गर्ने काम गरियो । कार्तिक महिनाको बजारमूल्य औसतमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.नं. | बस्तूको नाम | इकाई | औषत मूल्य |
|---|---|---|---|
| १ | चामल मोटो | के.जी. | 41 |
| २ | चामल मध्यम | के.जी. | 52 |
| ३ | चामल मसिनो | के.जी. | 61 |
| ४ | च्युरा ताईचूङ | के.जी. | 77 |
| ५ | च्युरा स्थानीय | के.जी. | 0 |
| ६ | गहूंको पिठो | के.जी. | 68 |
| ७ | मासको दाल | के.जी. | 155 |
| ८ | रहरको दाल | के.जी. | 0 |
| ९ | मुगीको दाल | के.जी. | 0 |
| १० | मूसूरोको दाल | के.जी. | 120 |
| ११ | भटमास | के.जी. | 155 |
| १२ | चना ठूलो | के.जी. | 122 |
| १३ | चना सानो | के.जी. | 0 |
| १४ | केराउ ठूलो | के.जी. | 112 |
| १५ | केराउ सानो | के.जी. | 0 |
| १६ | तोरीको तेल | लिटर | 188 |
| १७ | भटमासको तेल | के.जी. | 182 |
| १८ | घ्यु खारेको | माना | 0 |
| १९ | वनस्पति घ्यु | के.जी. | 0 |
| २० | कुखुराको मासू | के.जी. | 350 |
| २१ | खसिको मासू | के.जी. | 740 |
| २२ | रांगाको मासू | के.जी. | 400 |
| २३ | सुगुरको मासू | के.जी. | 350 |
| २४ | माछा | के.जी. | 0 |
| २५ | कुखूराको फुल | गोटा | 15 |
| २६ | दूध | लिटर | 80 |
| २७ | चिनी | के.जी. | 88 |
| २८ | आलू रातो | के.जी. | 110 |
| २९ | आलू सेतो | के.जी. | 106 |
| ३० | गोलभेडा ठुलो | के.जी. | 130 |
| ३१ | गोलभेडा सानो | के.जी. | 0 |
| ३२ | वन्दाकोपी | के.जी. | 61 |
| ३३ | काउली तराई | के.जी. | 0 |
| ३४ | काउली पहाड | के.जी. | 120 |
| ३५ | मटर कोसा | के.जी. | 0 |
| ३६ | परवल | के.जी. | 0 |
| ३७ | भेडे खूर्सानी | के.जी. | 0 |
| ३८ | आंप | के.जी. | 0 |
| ३९ | सून्तला | के.जी. | 0 |
| ४० | स्याउ | के.जी. | 238 |
| ४१ | केरा | दर्जन | 132 |
| ४२ | सूकेको प्याज | के.जी. | 150 |
| ४३ | सूकेको लसून | के.जी. | 268 |
| ४४ | अदूवा | के.जी. | 114 |
| ४५ | सूकेको खूर्सानी | के.जी. | 0 |
| ४६ | हरियो खूर्सानी | के.जी. | 200 |
| ४७ | धन | के.जी. | 0 |
| ४८ | मकै | के.जी. | 0 |
| ४९ | गहु | के.जी. | 0 |
| ५० | कोदो | के.जी. | 0 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५१ | गहत | के.जी. | ० | ५२ | राजमा | | ० |

## ७. आलु बालीमा लाग्ने रोग किरा र तिनको व्यवस्थापन

**आलु बालीका रोगहरु**

| रोगको नाम | लक्षणहरु | व्यवस्थापन |
|---|---|---|
| **डढुवा** | पातको टुप्पो वा किनरमा सानो खैरो भिजेको जस्तो दाग देखापर्दछ। जुन चाडै बढ्छ र दाअगको पछाडि हेर्दा सेतो भुवा जस्तो ढुसी देखिन्छ। यो रोग डाठ र दानामा पनि लाग्दछ पछि पुरै बोट सुकेर डढेको जस्तो देखिन्छ। | रोग देखिने बित्तिकै म्यान्कोजेब ७५% डब्लु पि को २।३ ग्राम प्रति लिटर पानीको दरले सात दिनको फरकमा ३ देखि ४ पटक छर्ने।<br>-रोग कम लाग्ने वा रोग अवरोधक जातहरु लगाउने।<br>-खेतबारी सरसफाई गर्ने, नाभो हटाउने, स्वास्थ बीउ प्रयोग गरी आलु खेती गर्ने। |
| **ऐजेरु** | आलुको दानाको आँखाहरुमा स साना सेता खटिराहरु जस्ता लक्षण देखिन्छन। जुन पछि बिस्तारै बिस्तारै बढेर काउली जस्तो फुक्क भई पुरा दानालाई नै घेरी आलुको आकार बिग्रिन्छ। त्यस्तो आलु पछि कालो हुँदै जान्छ र कुहिन्छ। | -रोग लागेको खेतबाट उत्पादित बीउ नरोप्ने।<br>-रोग लागेको खेतमा आलु नरोप्ने। |
| **दादे रोग** | आलुको सतहमा केही उठेका अथवा खाडल परेका दादहरु देखा पर्दछन। | -रोग रहित स्वास्थ आलु रोप्ने।<br>-रोग ग्रस्त क्षेत्रमा घुम्ती बाली लगाउने।<br>-आलु बढ्ने बेलामा माटोमा चिस्यान कायम राख्ने।<br>-रोगी आलु नस्ट गर्ने। |

**आलु बालीका प्रमुख किराहरु**

| किराको नाम | लक्षणहरु | व्यवस्थापन |
|---|---|---|
| **रातो कमिला** | आलुमा माटो सहितका मसिना वा ठुला छिद्रहरु देखिन्छन। | गहुँत, असुरो, खिर्रो वा चिउरिको प्रयोग गर्ने। ,<br>-क्लोरिपाइरिफस (०.००४५%) @ १०० मिली लिटर प्रति बोट प्रयोग गर्ने। |
| **लाही** | लाही कीराको वयस्क अनी लार्भा दुवैले आलुको बोटबाट रस चुस्ने गर्दछन। यिनिहरुले आक्रमण गरेको बोट सानो कदको हुन्छ, पातहरु बेरिएको हुन्छ। यिनिहरुले महजस्तो तरल पदार्थ निस्कासन गर्दछन जुन पछि हामीले देख्ने कालो पदार्थमा पारीणत हुन्छ। | फोरेट १० ग्राम @ १५केजी प्रति हेक्टर आलु लगाउनुभन्दा पहिलेनै माटोमा प्रयोग गर्ने।<br>-आलुको बोटमा डाइमेथोएट(०।०३%)छर्ने। |
| **खुम्रे किरा** | यसको प्रकोप खासगरी पहाडी क्षेत्रमा बढी हुन्छ। खुम्रे आलुको जरा अनी बढ्दै गरेको फलमा भर पर्दछ र फलमा ठुलो छिद्र पार्दछ। यो कीराको वयस्क आलुको पातमा भर पर्दछ। | बालीचक्र अपनाउने।<br>-फोरेट १० ग्राम @ १५केजी प्रति हेक्टर आलु लगाउनुभन्दा पहिलेनै माटोमा प्रयोग गर्ने। |

| | | |
|---|---|---|
| **फेद कटुवा** | यस् कीराले आक्रमण गरेको बोटको ढिलो बिकास भई सानो अनी कमजोर रहन्छन। पातहरु पहेलिन्छन, मुर्झाउछन अनी झर्छन। | -गर्मी याममा गहिरो गरी खेत जोत्ने।<br>-बालीचक्र अपनाउने।<br>-पासो बालीको रुपमा सयपत्रीलाई प्रयोग गर्ने। |
| **आलुको पुतली** | पातमा हरियो, सेतो धब्बा, खैरो-डढेको धब्बा, डाठ र आलुमा सुरुङहरु देखिने र आलुका आख्लाबाट खैरो पदार्थ निस्कन्छ। | – लक्षण देखिएको पात चुढेर नस्ट गर्ने।<br>– बत्तिको पासो प्रयोग गर्ने।<br>– गहिरोमा आलु रोप्ने र उकेरा राम्रोसँग दिने।<br>– सिन्चाइको राम्रो व्यवस्था गर्ने।<br>– नयाँ आलुलाई पुरानो रोग लागेको आलुसँग नमिसाउने। |

प्रदेश सरकार
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास नर्देशनालय
**कृषि ज्ञान केन्द्र ओखलढुङ्गा**
प्रदेश नं.१
कर्यक्षत्रः ओखलढुङ्गा

............................................................

............................................................